आज मिति २०८१ साल असोज महिनाको २३ गतेका दिन मध्यान्ह १२ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ५६ औं कार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितीः

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रितः

१. विष्णु प्रसाद पोखेल प्रशासन शाखा प्रमुख

२. श्री दल ब. केसी स्वास्थ्य शाखा प्रमुख

३. श्री ऋषिकेश भण्डारी योजना शाखा प्रमुख

स्वर्गद्वारी नगरपालिका
२०७२

नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ५६
मितिः २०८१/०६/२३
समयः मध्यान्ह १२ बजे
स्थानः नगरपालिका सभाहल

प्रस्तावहरुः

१. अघिल्लो का.पा. बैठक समिक्षा सम्बन्धमा।
२. वडा दसै, दिपावली र छठ पर्वको शुभकामना सम्बन्धमा।
३. शिक्षक सरुवा सम्बन्धमा।
४. आ.ले.प कर्मचारी सम्बन्धमा।
५. युवा स्वरोजगार भवनको बिजुली बत्ति जडान र मिटर बक्स सम्बन्धमा।
६. औद्यौगिक ग्रामको आइ.ई.ई गर्ने सम्बन्धमा।
७. गोठिबाङ् खा.पा.को डि.पि.आर सम्बन्धमा।
८. रानीटार कुलो मर्मत सम्बन्धमा।
९. स्वर्गद्वारी नगरपालिका उपमेयर कोसेली कार्यक्रम संचालन कार्यविधि २०७६ को पाँचौ संसोधन २०८१ सम्बन्धमा।
१०. वडा कार्यालयको जग्गा दर्ता सम्बन्धमा।
११. मेयरकप खेलकुद कार्यक्रम २०८१ सम्बन्धमा।

निर्णयहरुः

**निर्णय नं. (१) प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८१/०५/२४ गते बसेको ५५ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषय छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. (२) प्रस्ताव नं. २** माथि छलफल गर्दा आउदै गरेको २०८१ सालको विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको शु-अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नगरवासीहरुलाई यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. (३) प्रस्ताव नं. ३** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ९ स्थीत श्री ने.रा.प्रा.वि. डाँडागाँउ मा रिक्त रहेको प्रा.वि. तह तृतिय श्रेणिको रिक्त दरबन्दीमा सरुवाको लागि सोहि विद्यालयले दरखास्त आह्वान गरेको सूचना अनुसार २ वटा आवेदन प्राप्त भएकोमा जेष्ठताको आधारमा रमिता बाठा मगरलाई स्वर्गद्वारी नगरपालिका वडा नं. ९ मा रहेको श्री जनता प्रा.वि.कालीपोखरीबाट श्री ने.रा.प्रा.वि डाँडागाँउ( स्व.न.पा.९) मा सरुवा गर्ने निर्णय गरियो।

**निर्णय नं. (४) प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकामा आ.ले.प कर्मचारी रिक्त भएकोले रिक्त दरबन्दीमा लोक सेवा आयोगमा माग भरि पठाउने उक्त कर्मचारी लोक सेवाबाट परिपुर्ति नहुदासम्म को.ले.नि.का.मा समन्वय गरि आन्तरिक लेखा परीक्षण गर्ने निर्णय गरियो।

**निर्णय नं. (५) प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. २ मा रहेको युवा स्वरोजगार भवनमा बिजुली बत्ति जडान र मिटर बक्स उपलब्धताको लागि आवश्यक पर्ने रकम रु ८०,०००। अक्षरुपी असी हजार रुपैया यस स्वर्गद्वारी नगरपालिकाको मर्मत सम्भार कोषमा रहेको बजेटबाट उपलब्ध गराउने निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका
२०७२

**निर्णय नं. (६) प्रस्ताव नं.** ६ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका वडा नं. ३ मा रहेको औद्यौगिक ग्रामको आइ.ई.ई गर्ने निर्णय गरियो ।

**निर्णय नं. (७) प्रस्ताव नं.** ७ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका वडा नं. ४ अन्तर्गत रहेको गोठिबाङ खा.पा.को आवश्यक डि.पि.आर गर्ने निर्णय गरियो ।

**निर्णय नं. (८) प्रस्ताव नं.** ८ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ७ अन्तर्गत रहेको रानीटार कूलो मर्मत को लागि १,००,०००। अक्षरुपी एक लाख रुपैया, यस स्वर्गद्वारी नगरपालिकामा रहेको मर्मत सम्भार कोषबाट खर्च हुने गरि प्राविधिक स्टिमेटअनुसार रानीटार कूलो मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. (९) प्रस्ताव नं.** ९ माथि छलफल गर्दा यस **स्वर्गद्वारी नगरपालिका उपमेयर कोसेली कार्यक्रम संचालन कार्यविधि २०७६ को पाँचौ संसोधन २०८१** पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१०) प्रस्ताव नं.** १० माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ७ साविकको बेलवास गा.वि.स पञ्चायत को कार्यालयको नाममा रहेको हाल यस स्वर्गद्वारी नगरपालिका वडा नं. ७ साविक बेलवास गा.वि.स वडा नं. ६ सोत्रेमा रहेको कि.नं. ३६२ को जग्गा नापि फिल्ड बुकमा रहेको तर श्रेस्ता कायम नभएकोले उक्त जग्गा स्वर्गद्वारी नगरपालिका वडा नं. ७ को कार्यालय सोत्रे प्यूठानको नाममा दर्ता गरिदिनुहुन भनि मालपोत कार्यालय जस्पुर प्यूठानमा सिफारिस गर्ने, साथै यस स्वर्गद्वारी नगरपालिका वडा नं. २ साविकको खाल गाँउ पञ्चायतको कार्यालयको नाममा रहेको हाल स्वर्गद्वारी नगरपालिका वडा नं. २ साविक स्वर्गद्वारी खाल गा.वि.स वडा नं. ३ खालमा रहेको कि.नं. ३०७, ३०९ को जग्गा नापि फिल्ड बुकमा रहेको तर श्रेस्ता कायम नभएकोले उक्त जग्गा स्वर्गद्वारी नगरपालिका वडा नं. २ को कार्यालय खाल प्यूठानको नाममा दर्ता गरिदिनुहुन भनि मालपोत कार्यालय जस्पुर प्यूठानमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. (११) प्रस्ताव नं. ११** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको आ.व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम **मेयरकप खेलकुद कार्यक्रममा** विनियोजन भएको बजेटको सिमाभित्र रहि शिक्षा, युवा तथा खेलकुद शाखाको समन्वय तथा अनुगमनमा यस स्वर्गद्वारी नगरपालिकाको नगर खेलकुद विकास समितिलाई, मेयरकप खेलकुद कार्यक्रम २०८१ संचालनको जिम्मा दिने निर्णय गरियो ।

**अन्त्यमा बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न गरियो ।**

CamScanner